# यशोधरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### बैदौली , कपिलबस्तु
(लुम्बिनी प्रदेश, नेपाल)

प.स.०८२।८३

च.न.

मिति २०८२।०८।०१

यशोधरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैदौली, कपिलबस्तु लुम्बिनी प्रदेश, नेपाल

**<u>दोस्रो पटक प्रकाशित सूचना</u>**

सूचना ! सूचना !! सूचना !!!

**बिषय : मृगौला प्रत्यारोपण गरेका,डायलाइसिस गराइरहेका,क्यान्सर रोग र मेरुदण्ड पक्षघातका बिरामीहरुको विवरण उपलब्ध गराउने सम्बन्धी सूचना ।**

प्रस्तुत बिषयमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७८।१२।१३ गते स्वीकृत भएको मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका,क्यान्सर रोग र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधी उपचार बापत खर्च रकम उपलब्ध गराउने सम्वन्धी कार्यविधी २०७८ अनुसार लक्षित समुहका बिरामीहरुलाई नेपाल सरकारको दोहोरो सुविधा नपाउने गरि मासिक रु ५०००। (अक्षरेपी रु पाँच हजार मात्र) औषधी उपचार खर्च वापत उपलब्ध गराउने व्यवस्था भई आएको हुँदा सोही कार्यबिधि बमोजिमको लक्षित वर्गका सेवाग्राहीहरुले दोस्रो पटक सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिल अनुसारका कागजात सहित यस कार्यालयको स्वास्थ्य ईकाईमा निबेदन पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०८२।०८।०१

ऋषभ देव खनाल

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

<u>तपसिल</u>

१.कार्यबिधिको अनुसुची १ बमोजिम <u>नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको चिकित्सकबाट</u> बिरामी भएको रोग प्रमाणित सक्कलै सिफारिस पत्र (३ महिना भित्र उपचार वा फलोअप गरेका मात्र मन्य हुने )
२.बिरामीको नागरिकता / जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
३.कार्यबिधिको अनुसुची २ बमोजिमको औषधी उपचार बापतको खर्च सम्बन्धी निवेदन ।
४.विरामीको पासपोर्ट साईजको फोटो २ थान ।
५.बिरामीको आफ्नै बैंक खाता नम्बरको चेक बुकको प्रतिलिपी ।
६.मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको हकमा अपागंता परिचय पत्र (रातो वा निलो)
७.सेवाग्राहीले सामाजिक सुरक्षा भत्ता नलिएको वडा कार्यालयको सिफारिस पत्र ।
८.वडा कार्यालयबाट सेवाग्राही विपन्न रहेको प्रमाण खुल्ने कागजात र सिफारिस पत्र ।
९.स्वास्थ्य विमा कार्डको प्रतिलिपी (नयाँ वा नविकरण भएको) ।

पुनश्चय : यस कार्यालयबाट आर्थिक बर्ष ०८१।०८२ मा मासिक रु ५०००। प्राप्त गरेका सेवाग्राहीहरुले अनुसुची १ बमोजिमको पत्र मात्र र नयाँ सेवाग्राहीहरुको हकमा माथि उल्लेखित सबै कागजातहरु आवश्यक हुनेछ ।

<u>बोधार्थ</u>

श्री वडा कार्यालय सबै सेवाग्राहीहरुलाई जानकारी गराउनु हुन ।

श्री सूचना तथा प्राविधी शाखा :वेवसाईटमा अपलोड गरिदिनु हुन ।